# ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ईश्वरपुर, सर्लाही
## मधेश प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्का लगाउने बारेको सुचना

**दोस्रो पटक प्रकाशित सूचना २०८२।७।२३**

यस नगरपालिकाको आन्तरिक आय वृद्धि गर्ने उदेश्यले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ बमोजिमको यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय वमोजिमको सार्वजनिक पोखरीहरु उपयोग शुल्क संकलन गर्ने / गराउने ३ तिन वर्ष अर्थात २०८२ साल कार्तिक देखि २०८५ साल कार्तिक मसान्तसम्मका लागि माछापोखरी ठेक्का बन्दोबस्त गर्नुपरेको छ । सो कार्यको लागी देहाय बमोजिमका शर्तहरुको अधिनमा रही ईच्छुक व्यक्ति वा फर्मले रीत पूर्वक गोप्य सिलबन्दी पेश गर्न हुन यो सुचना प्रकाशन गरिएको छ।

तपशिल

| क्र.स. | पोखरीको नाम ठेगाना | क्षेत्रफल | वार्षिक न्यूनत्तम ठेक अंक रु | ठेक्का अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँटोल बाँध -१ | २-०-० | २४०,०००।- | ३ बर्ष | |
| २ | मन्साराम पोखरी पचाई पोखरी-९ | १-१०-० | ३००,०००।- | ३ बर्ष | |
| ३ | वडा न ६ मा रहेको लिचि वगान पोखरी | १-०-० | १२०,०००।- | ३ बर्ष | |
| ४ | वडा नं १० खैरा ३ वटा पोखरी | ०-११-० | ६६,०००।- | ३ बर्ष | |
| ५ | पक्कि बाँध-३ | ८-०-० | ९६०,०००।- | ३ बर्ष | |

१.दरभाउपत्र फारम खरिद गर्न ईच्छुक व्यक्तिले लिखित निवेदन पत्र साथ आफ्नो नागरिकताको प्रमाणपत्रको प्रतिलिपी तथा फर्मले निबेदन पत्र साथ फर्मको आ.व.२०८१/०८२ को नविकरण भएको ईजाजतपत्र पान दर्ता प्रमाण पत्र राखि सूचना प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समयभित्र दरभाउपत्र वापत रु १०००।- को पछि फिर्ता नहुने गरी तिरी यस कार्यलयको आन्तरि राजश्व शाखाबाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्रमा उल्लेख भएका सबै विवरणहरु प्रष्ट सँग अध्ययन गरी सम्बन्धित पक्षले प्रेत्यक पानामा सहीछाप गरी शिलबन्दी गरी खाम वाहिर पोखरीको नाम लेखि सिलबन्दि दरभाउपत्र दाताको नाम प्रष्ट सँग उल्लेख गरी १६ औ दिन दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। यसरि दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २ बजे पछि नगरकार्यपालिकाको कार्यालय खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नरहे पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

३. सिलबन्दि दरभाउपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट अर्थात कार्यालय खुलेको दिन सोही समयमा विक्री गर्ने दर्ता गर्ने र खोल्ने कार्य हुनेछ।

४. टेण्डर फारम भर्दा आफुले कबोल गरेको रकम अंक अक्षर दुबैमा स्पष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

५. शिलबन्दी दरभाउपत्र फारम साथ आफुले कबोल गरेको अंक रकमको ५ प्रतिशत ले हुने धरौटी रकम नेपाल बैंक लि वयलबासमा रहेको यस बैंकको धरौटी खाता नं १०९०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम वराबरको यस कार्यालयको नाममा मान्यता प्राप्त वाणिज्य बैकबाट जारी गरिएको वोलकबोल जमानि पत्र कम्तीमा १२० दिन म्याद भएको सक्कलप्रति संलग्न राख्नुपर्नेछ।

६. काबु वाहिरको परिस्थितिको कारण ठेक्काको अवधि कम भएमा स्वीकृत ठेक्का अंकलाई आधारमानी कम हुने अवधिको दामाशाहीले कम हुन आउने अंकलाई ठेक अंक मानिनेछ।

७. सिलबन्दी दरभाउपत्र फारम पेश गर्दा कुनै किसीमको शर्त मान्य हुनेछैन । साथै रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र कुनै कार्वाहीहुनेछैन।

८. प्राप्त दरभाउपत्र कुनै पनि कारण जनाई वा निजलाई सम्पुर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

९. माछा पालनको व्यवस्था र पालिएको माछाको सुरक्षा समेत ठेकेदार आफैले गर्नुपर्नेछ।

१०. ठेक्का अवधिमा पोखरीको प्राकृतिक सौन्दर्य विग्रिने गरी डिल आदी विगार्न भत्काउन पाउने छैन ।

११. प्राकृतिक विपद वाहेक अन्य कुनै कारणवश भौतिक संरचनामा भएको क्षतिको जिम्मेवारी ठेकेदारले लिनुपर्नेछ।

१२. सिलबन्दि दरभाउपत्र सम्बन्धमा केही थप कुरा बुझन परेमा कार्यलय समयभित्र यस कार्यालयको आन्तरिक राजश्व शाखामा सम्पर्क राखी बुझन सकिनेछ ।

१३. पक्कि बाँधको ठेक्का लिने ठेकेदार स्वयंमले बाँधमा रहेको जल कुम्भि सफाई गर्नु पर्ने छ सो कामको लागि ठेकेदारले २ बर्षको ठेक्का रकममा छुट दिईनेछ ।

१४. बाँध पोखरिमा पानीको व्यबस्था गर्नको लागि समर सियवल पम्प विधुत तार पोल लगायत पानीको प्रबन्ध स्वयंमले गर्नु पर्नेछ ।

१५. ठेकेदारले कबोल अंक रकम एकमुष्ट बुझाएमा कबोल रकमको १० प्रतिशत छुट दिईनेछ ।

१६. यस सुचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून अनुसार हुनेछ ।

प्रमुख पशासकीय अधिकृत

ईश्वरपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३